कपीराइट र जानकारीः
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

**Train & Multiply®**
Project WorldReach (टि एम सेवकाइ संचालन)
Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगानाः **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेलः pwr@trainandmultiply.com

वेबसाइटः http://www.trainandmultiply.com

008NP01C01

# महान आज्ञा



## पाष्टरीय तालीम पुस्तिका

## ८

## तालीम र वृद्धि

T&M ®

तपाईका मानिसहरुद्वारा सुसमाचार प्रचार भएर उहाँको राज्य विस्तार गर्न उनीहरुलाई गतिशील पार्न परमेश्वरले तपाईलाई प्रयोग गरुन् भनेर प्रार्थना गर्नुहोस् ।

मत्ती २८:१८-२० मा ख्रीष्टले उहाँको महान आज्ञा दिनुभएको छ ।






## टिप्पणीहरु

© Project WorldReach © SEAN

# टिप्पणीहरु



प्रभ येशू खीष्टका चेलाहरु कसरी बनाउनुपर्ने हो त्यसबारेमा मत्ती २८:१८-२० मा भएको महान आज्ञामा बताइएको छ ।

महान आज्ञामा तीन भागहरु छन् :

- खीष्टको अधिकार
- खीष्टको आज्ञा
- खीष्टको प्रतिज्ञा

## खीष्टको अधिकार

यहाँ खीष्टले आफ्नो अधिकार घोषणा गर्नुभएको छ :

*"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ ।"*
(मत्ती २८:१८)

हामी खीष्टको आज्ञा पालन गर्दछौं किनकि उहाँ हाम्रो :

☐ सर्वोच्च कमान्डर हुनुहुन्छ ।
☐ सहनशील परामर्शदाता हुनुहुन्छ ।

# खीष्टको आज्ञा

यहाँ प्रभुले आफ्ना चेलाहरुलाई आज्ञा दिनुभएको छः

*“यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माका नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ ।”* (मत्ती २८:१९,२०)

महान आज्ञा के हो ?

- [ ] एक शक्तिशाली हुकुम
- [ ] एक कमजोर निमन्त्रणा






- साक्षी दिनेका काममा लागिरहनेहरुलाई धन्यवाद दिनोस् अनि प्रोत्साहित पार्नोस् ।

टिप्पणीहरुः

___

___

___

___

___

___

___

___

___

___

© Project WorldReach © SEAN

# अभ्यासको काम

- मत्ती २८:१८-२० मा दिइएको खीष्टको महान आज्ञामा भएका तीन भागहरुलाई तपाईको मण्डली अथवा झुण्डका विश्वासीहरुलाई सिकाउनोस् ।
  - उहाँको अधिकार
  - उहाँको आज्ञा
  - उहाँको प्रतिज्ञा

- आफ्नै मित्रहरु अनि आफन्तहरुलाई साक्षी दिन अनि खीष्टले आज्ञा गर्नु भएका सबै गर्न सिकाउनको लागि तपाईले आफ्ना मण्डली वा झुण्डका सदस्यहरुलाई उत्साहित पार्नोस् ।
  - पश्चाताप र विश्वास गर्न (मर्कूस १:१५)
  - बप्तिस्मा लिन (मर्कूस १६:१६)
  - परमेश्वर र अरुहरुलाई प्रेम गर्न (मत्ती २२:३७-३९)
  - प्रार्थना गर्न अनि परमेश्वरको वचन अध्ययन गर्न (मत्ती ४:४, ६:५-१३)
  - दिनु (मत्ती ६:१९-२०)
  - प्रभुभोजमा सहभागी हुन (लूका २२:१७-२०)
  - चेलाहरु बनाउन, प्रभुको आज्ञा पालन गर्दै सुसमाचार सुनाउन अनि सिकाउन (मत्ती २८:१८-२०)



# खीष्टको प्रतिज्ञा

आफ्ना चेलाहरुसँग रहिरहने प्रतिज्ञा प्रभुले गर्नुभएको छ :

“हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुको साथमा छु ।”

यी तीन भनाइद्वारा खीष्टले केही गर्नुहुने प्रतिज्ञा गर्नुभयो । पवित्र आत्माको सहयोगमा उहाँ चाहनुहुन्छ :

☐ हामी आफै काम गरौं ।

☐ उहाँ हामीसित रहनुहुनेछ ।

मत्ती २८:१९,२० मा दिइएको महान आज्ञामा तीन भागहरु छन् । प्रभुको अख्तियार, उहाँको हुकुम, र उहाँको प्रतिज्ञा ।

१ खीष्टले आफूसँग सर्वोच्च अख्तियार भएको घोषणा गर्नुभयो । (पद १८)

२ खीष्टले हामीलाई जान अनि चेलाहरु बनाउन हुकुम गर्नुभयो । (पद १९)

३ खीष्टले हामीसँग रहनुहुने प्रतिज्ञा गर्नुभयो । (पद २०)

© Project WorldReach © SEAN

# खीष्ट हाम्रो जीवनको प्रभु हुनुहुन्छ

उहाँले हामीलाई सारा संसारमा सुसमाचार लैजान हुकुम गर्नुभयो । उहाँले नम्र शब्दहरु प्रयोग गर्नुभई सल्लाह मात्र दिनुभएन । गम्भीर हुकुमको रुपमा उहाँले कडा शब्दहरु प्रयोग गर्नुभयो । तिमीलाई मन पऱ्यो भने कृपया गरी जाऊ है भनेर उहाँले हामीसँग भीक्षा माग्नुभएको छैन । बरु उहाँले भन्नुभयो– *"जाओ उ र चेलाहरु बनाओ...."*

आफ्नो महान आज्ञामा खीष्टले हामीसँग निम्न रुपमा बोल्नुभयो–

- ☐ समर्पित सेवकको रुपमा
- ☐ सर्वोच्च कमान्डरको रुपमा

खीष्ट हाम्रा प्रभु हुनुहुन्छ जसले उहाँको आज्ञा हामीले प्रेममा पालन गरेको चाहनुहुन्छ । उहाँले भन्नुभयो : *"स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ ।"* यो उहाँको अख्तियार हो उ



प्रभुले महान आज्ञामा के भन्न चाहनुभएको छ, तपाईका आफ्नै शब्दहरुमा लेख्नोस् ।

___

___

___

___

___

___

___

___

___

___

___

मत्ती २८:१८-२० मा अवहेलित व्यक्तिहरुलाई चेला बनाउनको निम्ति प्रभुले हामीलाई आज्ञा गर्नुभएको छ। चेला बनाउनको निम्ति कुन दुइ कुराहरु हामीले उनीहरुसँग गर्नसक्छौं ?

१ ________________________________

२ ________________________________

खीष्टले हामीलाई चेलाहरु बनाउन पठाउनुहुन्छ। सर्वप्रथम, तिनीहरुलाई बप्तिस्मा दिएर, अनि, उनीहरुलाई उहाँका सबै आज्ञाहरु मान्न सिकाएर। नयाँ करारको शिक्षामा पश्चाताप र बप्तिस्मा सँगसँगै गएका छन्।

टिप्पणी : कति व्यक्तिहरु बप्तिस्मापछि टाडिन्छन् पनि। यदि उनीहरु प्रभुमा फर्केर आउँछन् भने, हामी उनीहरुलाई फेरि बप्तिस्मा दिँदैनौं। उसलाई सदस्यतामा फेरि ग्रहण गर्न तपाईको मण्डलीले जे अभ्यास गरिरहेको छ, त्यही गर्नोस्।



योभन्दा बढी शक्ति भएको कुनै अर्को क्याप्टन वा अगुवा छैन। खीष्टमा नै सबै शक्ति छ। यही अख्तियारको आधार मा उहाँले हामीलाई हुकुम दिनुभएको छ : *"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माका नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ।"*

खीष्टको चेलाले खीष्टलाई "ग्रहण" गर्ने मात्र होइन। उहाँको चेलाले ता उहाँका सबै आज्ञाहरु पालन गर्दछ। चेलाले आफ्नो स्वामीलाई हरेक कुरामा पछ्याउँदा खीष्टलाई पछ्याउने व्यक्तिले बप्तिस्मा लिएर प्रभुका सबै शिक्षाहरु पालन गर्दछ।

*"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माका नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुको साथमा छु।"*

© Project WorldReach © SEAN

मत्ती २८:१८-२० अनुसार, प्रभुले हामीलाई सबै राष्ट्र र मानिसहरुकहाँ पठाउनु हुन्छ। के यो योजनाभित्र हाम्रो देशको अति दुर्गम गाउँ पनि पर्दछ ?

- ☐ ज्यू, पर्दछ
- ☐ अहँ, पर्दैन

के यो योजनाभित्र विदेशी राष्ट्रहरुको अति दुर्गम ठाउँका मानव झुण्डहरु पनि पर्दछन् ?

- ☐ ज्यू, पर्दछ
- ☐ अहँ, पर्दैन

के यो योजनाभित्र नजीकका छिमेकीहरु सबै पर्दछन् ?

- ☐ ज्यू, पर्दछ
- ☐ अहँ, पर्दैन

उहाँको मण्डलीले ता अति दुर्गम गाउँ, विदेश, अनि छिमेकीहरुतिर चेला बनाएको ख्रीष्टले चाहनुहुन्छ।

- ☐ ज्यू, पर्दछ
- ☐ अहँ, पर्दैन



के तपाई आफ्ना छिमेकीहरुलाई येशू ख्रीष्टबारे साक्षी दिन जाने गर्नुहुन्छ ?

- ☐ ज्यू, पर्दछ
- ☐ अहँ, पर्दैन

मानिसहरुको अघि हाम्रो मुक्तिदातालाई स्वीकार गर्नु भनेको एक आज्ञा नै हो। उहाँले केको लागि हामीलाई साक्षी दिन पठाउनु हुन्छ ?

- ☐ ख्रीष्टका चेलाहरु बनाउनु
- ☐ उनीहरुभन्दा हामी पवित्र छौं भनेर देखाउनु

चेलाहरु बनाउनकै निम्ति साक्षी दिनु पर्छ भनी ख्रीष्टले हामीलाई आज्ञा दिनुभएको छ।

- ☐ ज्यू, पर्दछ
- ☐ अहँ, पर्दैन



© Project WorldReach © SEAN 